**२०७५ श्रावण**

## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
## पुर्चौडी नगरपालिका



### आर्थिक वर्ष २०७४/०७५ को

### वार्षिक

# प्रगति प्रतिवेदन


पुर्चौडी नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
हाट, बैतडी
प्रदेश नं. ७, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
**प्राविधिक सहयोग इकाई**
बैतडी

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 4

२. लक्ष बमोजिम उपलब्धी ........ 5

२.१. जलउपयोग गुरुयोजना ........ 5

२.२. भौतिक प्रगति ........ 5

२.३. क्षमता विकास ........ 6

२.४. जीविकोपार्जन कार्यक्रम ........ 7

३. अनुगमन तथा प्रतिवेदन ........ 8

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 9

५. नीति तर्जुमा ........ 9

६. सहकार्य ........ 9

७. आइपरेका समस्याहरु ........ 10

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 11

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 12

अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ 14

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 14

अनुसूची ५ : भिजिबिलिटी ........ 14

अनुसूची ६ : जनशक्ति विवरण ........ 15


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति

तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश

तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

तालिका ६ : आयआर्जन सम्बन्धी विवरण

तालिका ७ : सहकारी सम्बन्धी विवरण

तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण

तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन

तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

तालिका १३: आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | पुर्चौडी नगरपालिका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | शीर्षक | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| | पूँजीगत | १५३५० | १५३५० | १२२२४।३५ | ७९।६४ |
| | कार्यक्रम/चालु: | ५००० | ५००० | ४९४७।९१ | ९८।९६ |
| | **जम्मा** | २०३५० | २०३५० | १७१७२।२६ | ८४।३८ |

| श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था (रु हजारमा) | लगानीको स्रोत | बजेट | निकासा | खर्च | खर्च % |
|---|---|---|---|---|---|
| | स्थानीय तह | २५०० | २५०० | २५०० | १०० |
| | नेपाल सरकार | ७१४९ | ७१४९ | ५७८९।८१ | ८०।९९ |
| | दातृ निकाय (GoF/EU) | १०७०१ | १०७०१ | ८८८२।४ | ८३।०१ |
| | **जम्मा** | २०३५० | २०३५० | १७१७२।३ | ८४।३८ |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | ○ आ.व.२०७४।०७५ मा ५ वटा खानेपानी योजनाहरु सम्पन्न भई ३५९ घरधुरीका २२७९ जनसंख्या लाभान्वित भएका छन् । जसमध्ये दलित जनसंख्या ६१ (६ घरधुरी) र अन्य जनसंख्या २२१९ (३५३ घरधुरी) लाभान्वित भएका छन् ।<br>○ पुर्चौडीनगरपालिका अन्तर्गत परियोजना कार्यरत वडा नं.७ र ८ मा रहेका जम्मा घरधुरी १३९६ सवै घरधुरीहरुमा चर्पीको उपलब्धता रहेको र सवै घरधुरीहरुले चर्पीको उचित प्रयोग गरेको देखिएको छ ।<br>○ खानेपानी योजना संचालित क्षेत्रका ७५४ घरधुरीहरुमा SDA कार्ड मार्फत् सरसफाइ र स्वच्छता प्रवर्धन र व्यवहार परिवर्तनका अभ्यासहरुको स्व:मुल्यांकन कार्य संचालन भईरहेको छ ।<br>○ स्व:मूल्यांकनको नतिजा अनुसार ५० प्रतिशत् भन्दा कम सूचक पुरा भएका घरधुरी संख्या:१३२, ५०-७५ प्रतिशत् सुचक पुरा भएका : ४६०, ७६-९९ प्रतिशत् सूचक पुरा भएका : २२९ र सवै सूचक पुरा भई पूर्ण सरसफाइ तर्फ उन्मुख घरधुरी संख्या: १२ वटा रहेका छन् ।<br>○ नियमित रुपमा योजना र समुदायस्तरमा भएको छलफलवाट महिनावारी भएको |

| | |
|---|---|
| | अवस्थामा चर्पी र धाराको प्रयोग नगर्ने घरधुरी संख्या घटेको देखिएको छ ।<br>○ योजना संचालित क्षेत्रका घरधुरीहरु मध्ये चाँग :६६१, फोहर व्यवस्थापन खाल्डो:३५०, गोठ सुधार र मल व्यवस्थापन :५०, साबुनपानीले हातधुने व्यवस्था : ६१९ घरधुरीहरुमा निर्माण भई प्रयोग भएको छ ।<br>○ कार्यरत वडा नं.७ र ८ मा रहेका १५ वटा विद्यालयहरुमा चर्पी र खानेपानीको सुविधा उपलब्ध रहेको र ३ वटा माध्यमिक विद्यालयहरुमा लैंगिकमैत्री चर्पीको सुविधा उपलब्ध रहेको छ ।<br>○ सबै निर्माण सम्पन्न खानेपानी योजनाको उ.स.को मुख्य पदमा महिलाहरुको प्रतिनिधित्व ५० प्रतिशत् रहेको छ । |
| **नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन** | ○ १ वटा सिंचाई योजना निर्माण (पोखरी) भई ७२ घरधुरीको २२० रोपनी खेतीयोग्य जमिन सिंचित भईरहेको छ, साथै उक्त सिंचाई योजनावाट ७२ घरधुरीका ४२६ जनसंख्या लाभान्वित हुने देखिन्छ ।<br>○ खानेपानी र सिंचाई योजनाहरु निर्माण क्षेत्रमा यस आ.व.मा १९ वटा घरवारी व्यवस्थापन समुहहरु गठन गरि उक्त समुहहरुमा ३ दिने आधारभुत घरवारी व्यवस्थापन तालिम संचालन गरिएको छ । साथै १० वटा समुहहरुमा घरबारी व्यवस्थापन पुर्नताजगी तालिम समेत संचालन भएको छ ।<br>○ १९ वटा समुहहरुमा जम्मा ४८१ घरधुरीहरु (दलितः ५३, अन्य : ४२८) आवद्ध भएका छन् । उक्त घरधुरीवाट २४५६जनसंख्या समेटिएको छ । साथै घरबारी व्यवस्थापन पूर्नताजगी तालिमवाट २२४ (दः२६, अन्यः १९८) घरधुरीका ११९२ जनसंख्या लाभान्वित भएका छन् । |
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | ○ यस आ.व.मा २९२ वटा माटोको सुधारिएको चुलो निर्माण भएको ।<br>○ योजनाहरुमा श्रोत सुधार र संरक्षण कार्यहरु संचालन भएको । हालसम्म ३ वटा योजना अन्तरगतका श्रोतहरु सुधार कार्य सम्पन्न भएको छ ।<br>○ निर्माण सम्मन्न र निर्माणाधिन योजनाहरुमा पानी पुनर्भरण खाल्टाहरु निर्माण<br>○ निर्माण सम्पन्न भएका खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना निर्माण र पानी परिक्षण कार्य सम्पन्न गरिएको छ । |
| **नतिजा ४ : क्षमता विकास** | ○ पुर्चौंडी नगरपालिकाले यस आ.व.मा परियोजना द्वारा संचालित योजनाहरुमा कुल पुंजीगत वजेटको १६.२८ प्रतिशत् लगानी गरेको छ ।<br>○ कुल बार्षिक वजेटको तुलनामा ८४.३८ प्रतिशत् खर्च भएको छ ।<br>○ नगरपालिकाले सवै प्रतिवेदनहरु (१४ वटा) समयमै पेश गरेको ।<br>○ योजनास्तरमा भएको जम्मा १३ वटा अनुगमन मध्ये ८ वटा अनुगमनमा नगरपालिका प्रतिनिधिहरुको सहभागीता रहेको ।<br>○ नगरपालिका अन्तरगत शाखा र अन्य निकायहरु संगको सहकार्यमा रु.८० हजार बरावरको कियाकलापहरु संचालन भएका छन् ।<br>○ नगरपालिका तथा जिल्ला स्तरीय तालिमहरु ७ पटक संचालन गरि ३१३ जनाको सहभागीता रहेको जसमध्ये महिला :१७०, पूरुषः १४३ रहेको । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४ श्रावण २५ गतेमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस नगरपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विश्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ८४.३८ प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार पुंजीगत तर्फको रु. १३,४१,२६०।०० र चालुतर्फको रकम रु. १७,९२२।०० रकम फ्रिज भएको छ भने दातृ निकाय अन्तरगत चालुतर्फको रु ३४,१६८।०० र पुंजीगत तर्फको रु. १७,८४,३९०।०० चेक मार्फत ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनालाई फिर्ता गरिएको छ । स्थानीय तहको विनियोजित रु. २५,००,०००।०० सवै खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा ८४.३८% आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ६ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये सवै योजनाहरु सम्पन्न भएका छन्

यस प्रतिवेदनमा पुर्चौडी नगरपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले नगरपालिका कार्यपालिका तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनाका क्रियाकलापहरु संचालन हुने भएको खण्डमा थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान समेत गर्ने अपेक्षा गरिएको छ ।

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. जलउपयोग गुरुयोजना

यस नगरपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा कुनैपनि जलउपयोग गुरुयोजना निर्माण कार्य वा समायोजन कार्य नरहेको ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| | |

### २.२. भौतिक प्रगति

यस नगरपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

१. ५ वटा खानेपानी योजनाहरु र १ वटा पोखरी सिंचाई योजनाको निर्माण कार्य सम्पन्न भएको ।

२. २९२ वटा सुधारिएको चुलो निर्माण सम्पन्न भएको ।

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ५ | २२७९ | ५ | २२७९ | १०० | १०० |
| २ | सिँचाई योजनाहरु | १ | ४२६ | १ | ४२६ | १०० | १०० |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | ० | ० | ० | ० | ० | ० |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | १० | ३०० | १९ | ६०५ | | |
| ५ | सुधारिएको चुल्हो (संख्या) | ३०० | १८०० | २९२ | १७५२ | ९७ | ९७ |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | ० | ० | ० | ० | ० | ० |
| ७ | पोखरी संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ८ | मुल संरक्षण | ३ | खा.पा.संग | ३ | खा.पा.संग | १०० | |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि नगरपालिका ले अपनाउनुपर्ने रणनीति |
|---|---|---|
| १ | चुलो निर्माणका लागि समयमा निर्माण सामग्री उपलब्ध नहुनु र चुलो प्रवर्धकहरु उपलब्ध नभएको | ○ आगामी दिनमा सुधारिएको चुलो निर्माणका लागि योजनाको चरणवद्ध तालिम संचालन अवधिमा नै |

| | | |
|---|---|---|
| | | सुधारिएको चुलोको समुदायवाट माग संकलन गर्ने ।<br>○ चुलो निर्माणका लागि सहकारी वा योजनाका उपभोक्ता समिति संगै सुधारिएको चुलो निर्माणका लागि सम्झौता गर्ने ।<br>○ नगरपालिकाले चुलो प्रवर्द्धकले पाउनु पर्ने पारिश्रमिक ५० प्रतिशत् उपलब्ध गराउने । |
| २ | आयमुलक तथा जीविकोपार्जन संग सम्वन्धित व्यवसायिक तालिम संचालन नभएको । | ○ नगरपालिकाले भविश्यमा कुनै निकायवाट संचालन हुने आयआर्जनका गतीविधिहरुलाई नगरपालिकाको बार्षिक कार्यक्रममा राखि कृषि र घरेलु शाखा वा अन्य प्राईभेट फर्महरुसंग समेत समन्वय गरि संचालन गर्नुपर्ने । |

नगरपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१. खानेपानी योजना चरणवद्ध कार्यपद्धति अन्तरगत कुल १८ वटा विभिन्न तालिम/अनुशिक्षणहरु संचालन भई सो चरणवद्ध तालिममा ४६७ जना सहभागी भएका छन् ।

२. सरसफाइ स्वच्छता तथा जनचेतनामुलक तालिम, अभियानहरुमा ४७४३ जना सहभागी भई समुदायस्तरमा सरसफाइ र व्यवहार परिवर्तनमा सुधार भएको छ ।

३. प्राविधिक तालिमहरु जस्तैः ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम, अगुवा कृषक तालिम र बहुउदेश्यिय तालिम ११ जनाले प्राप्त गरि योजना दिगो मर्मत संभार व्यवस्थापन, घरबारी व्यवस्थापनमा प्रचार प्रसारका साथै प्रत्यक्षरुपमा सहयोग भइरहको छ ।

४. सुधारिएको चुलो निर्माण सम्वन्धि तालिमवाट ६ जना सहभागी भई २९२ वटा चुलो निर्माण कार्यमा सहयोग पुगेको छ ।

५. नगरपालिका र जिल्लास्तरीय क्षमता अभिबृद्धि तालिम/अभिमुखिकरणहरुमा जम्मा ३१३ जना सहभागी भएका छन् । उक्त तालिम अन्तरगत वडा प्रतिनिधिहरु, नगरकार्यपालिका र उपभोक्ता समुहमा योजना दिगो मर्मत संभार व्यवस्थापन, अध्ययन अवलोकन भ्रमण र पूर्ण सरसफाइ प्रवर्द्धन सम्वन्धि तालिमहरु संचालन भएका छन् ।

*तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | 26 | 5 | 0 | 0 | 308 | 128 | 334 | 133 |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | 487 | 224 | 0 | 0 | 2478 | 1554 | 2965 | 1778 |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | 53 | 7 | 0 | 0 | 412 | 46 | 465 | 53 |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | 0 | 2 | 0 | 0 | 2 | 7 | 2 | 9 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 4 |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | 41 | 35 | 0 | 0 | 129 | 108 | 170 | 143 |
| **जम्मा** | **607** | **273** | **0** | **0** | **3329** | **1847** | **3936** | **2120** |
| **प्रतिशत् :** | 19% | | | | 65% | | 65% | 35% |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ।

१. **घरबारी** : यस पुर्चौंडी नगरपालिकामा आ.व. २०७४।०७५ भित्र खानेपानी तथा सिंचाई (पुर्वाधार)का योजना संचालित क्षेत्रहरुमा जम्मा १९ वटा घरबारी व्यवस्थापन समुहहरु गठन गरि ३/३ दिने तालिम संचालन गरिएको छ। उक्त तालिममा सहभागी जम्मा ५१८ जनाले घरबारी व्यवस्थापन सुरुवात गरेका छन्।

१० वटा पुरानो घरबारी व्यवस्थापन समुहहरुमा पुर्नताजगी तालिम र प्राविधिक सहयोग उपलब्ध गराईएको छ

२. **आयआर्जन** : यस आ.व. मा नगरपालिकामा आयआर्जन तर्फ कुनैपनि कियाकलापहरु संचालन नभएको।

३. **सहकारी:** नगरपालिका भित्र परियोजनावाट सहयोग प्राप्त सहकारी संस्थाहरु नरहेको।

४.**लघु उद्यम** : लघु उद्यम विकास सम्वन्धि कियालकपाहरु संचालन नभएको।

५.**स्थानीय स्रोत व्यक्ति उत्पादन** : पूर्चौंडी नगरपालिका अन्तरगत ४ जना (१ महिला, ३ पूरुष) सहभागीलाई जिल्ला स्तरीय अगुवा कृषक तालिममा सहभागी गरिएको। साथै वहुउदेश्यिय नर्सरी तालिममा ४ जना सहभागी रहेको।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| 7 | 39 | 0 | 293 | **332** | 19 | 0 | 312 | 331 | 58 | 0 | 663 | 721 |
| 8 | 55 | 0 | 235 | **290** | 4 | 0 | 271 | 274 | 59 | 0 | 506 | 565 |
| जम्मा | **94** | **-** | **528** | **622** | **23** | - | **583** | **605** | **117** | **-** | **1169** | **1286** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ० | ० | ० | ० |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ४ जना पूरुष | ४ |
| ५ | अगुवा कृषक तालिम | ० | ० | ४ (१ महिला) | ४ |
| **जम्मा** | | ० | ० | **8 (1 Female)** | **8** |

*तालिका ७ : सहकारी सम्बन्धी विवरण*

**नोट:** यस नगरपालिका अन्तरगत परियोजनावाट सहयोग प्राप्त सहकारी उपलब्ध नरहेको ।

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | | | | | |

## ३. अनुगमन तथा प्रतिवेदन

यस नगरपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस नगरपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७४।१०।१३ गतेको नगरपालिका र परियोजनाको बंठकको निर्णयानुसार नगरपालिकाले कर्मचारी १ जना र सम्वन्धित वडाका वडा अध्यक्षहरुलाई अनुगमनको लागि जिम्मेवारी दिए अनुरुप संचालित योजनाहरुको अनुगमन गरिएको थियो ।

*तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | नगरपालिका कार्यालयवाट अनुगमन मा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | स्याउलेभाडी खानेपानी योजना | १ | १ | १ |
| २ | मगरौं खानेपानी योजना | १ | १ | १ |
| ३ | तल्धार पोखरी सिंचाई योजना | ३ | ३ | २ |
| ४ | कालापानी खा.पा.यो. | ३ | ३ | १ |
| ५ | रतोका भम्का पहिलो खा.पा.यो. | १ | १ | १ |
| ६ | रतोका भम्का दोश्रो खा.पा.यो. | ३ | ३ | १ |
| ७ | सुधारिएको चुलो निर्माण | १ | १ | १ |
| | **जम्मा** | **१३** | **१३** | **८** |

*तालिका ९ : नगरपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| **क्र.सं.** | **प्रतिवेदन** | **आ.व. पेश गर्नुपर्ने संख्या** | **समयमा पेश गरिएको प्रतिवेदन संख्या** | **समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या** |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | ११ | १ ( अषाढ २०७५ को प्रतिवेदन १४ गते पेश भएको) |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१४** | **१** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४।१०।२५ | ○बैंक नगदी खातामा आम्दानी खर्च नराखिएको ।<br>○नेपाल सरकार र फिनल्याण्ड सरकारवाट प्राप्त पहिलो किस्ताको आम्दानी भौचर तयार गर्नुपर्ने । | ○ गा.पा.ले बैंक नगदी किताव तयार गरि सोहि अनुसार आम्दानी खर्च हिसाव राखेको छ ।<br>○ प्राप्त श्रोतहरुको भौचर तयार गरि व्यवस्थित तरिकाले राखिएको छ । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण नगरपालिकाको वेवसाइटमा राखिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

यस नगरपालिका लक्षित स्थानीय तह नभएको हुंदा नियमिति मासिक रुपमा बैठक आवश्यक नरहेतापनि विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा नगरपालिका प्रतिनिधिहरु त्था कर्मचारीहरु र परियोजना अन्तरगत कार्यरत जलश्रोत सल्लाहकार र जलश्रोत ईन्जिनियरको उपस्थितीमा बैठक आयोजना गरिएको छ ।

*तालिका११ : नगरपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४।१०।१९ | • संचालित योजनाहरुको प्रगती समिक्षा र नयां योजनाहरुको सम्झौता र व्यवस्थापन तालिम सम्वन्धमा । |
| २ | २०७४।११।२५ | • उ.स. हरुको बाहय निर्माण सामग्री खरिदका लागि सप्लायर्स छनौट सम्वन्धमा । |
| ३ | २०७५।०२।११ | • योजनाहरुको अनुगमन गर्ने सम्वन्धमा, नगरपालिकाको समपुरक कोष निकाशा सम्वन्धमा । |

## ५. नीति तर्जुमा

पुर्चौडी नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको दिगो विकासका लागि नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ रणनिती वनाई आगामी आ.व. मा लागुगर्ने निती लिएको ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा नगरपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका१२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | जिल्ला कृषि विकास कार्यालय (हाल न.पा. कृषि शाखा) | जिल्ला स्तरीय नर्सरी नाईके तालिम | तलिममा सहजीकरण सहयोग | रु. २०,०००।०० बराबरको |

| | | | | |
|---|---|---|---|---|
| २ | महिला अधिकार मञ्च, सुआहारा | विभिन्न दिवश संचालन | संयुक्तरुपमा कार्यक्रम संचालन | रु. ६०,०००।०० बराबरको |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | रतोका भम्का खा.पा.यो. (पहिलो) को केहि सामग्रीहरु हराएको । | ○ नगरपालिका र वडा कार्यालमा उपभोक्ता समितिले जानकारी गराई खोजि कार्य भएको र आमभेलामा समेत परियोजनावाट छलफल गरिएको । |
| २. | उपभोक्ता विच विवादको कारणले ऐरीगाउं मुक्तीटोल खा.पा.यो.मा निर्माण पश्चात् चरणका कियाकलापहरु संचालन नभएको । | ○ नगरपालिका र वडास्तरमा छलफल गरिएको तर उपभोक्ता समितिका पदाधिकारीहरुको न्यून उपस्थितीले गर्दा समस्या समाधान नभएको । |

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| स्याउलेभाडी खा.पा.यो. | ८ | २,१२९,८९१।३० | १,९३२,९७२।०० | ८८३,३०५।०० | १९१,७२२।०० | सम्पन्न | ० | ३५४ |
| मगरौं खा.पा.यो. | ८ | २,२९४,५६४।३० | २,०६५,२८०।३० | ९५२,५९६।०० | १८३,५६५।०० | सम्पन्न | ० | २८१ |
| रतोका भम्का (पहिलो) खा.पा.यो. | ७ | ६,७३३,३२८।९० | ६,००३,२१९।८० | ३,२३६,२१९।८० | ५८४,०६०।०० | सम्पन्न | ० | ७७१ |
| कालापानी खानेपानी योजना | ७ | १,५३७,७११।९० | १,४०९,५२९।०० | १,४०९,५२९।०० | ३१८,३५८।०० | सम्पन्न | ० | २४३ |
| रतोका भम्का खानेपानी योजना | ७ | ४,९०६,०३९।०० | ४,५८८,२९४।३० | ४,५८८,२९४।३० | २,१३५,१३७।५० | सम्पन्न | ० | ६३० |
| **जम्मा :** | | **१७,६०१,५३५।४०** | **१५,९९९,२९५।४०** | **११,०६९,९४४।१०** | **३,४१२,८४२।५०** | | **०** | **२२७९** |
| **सिँचाई/बहुपयोगी योजना** | | | | | | | | |
| तल्धार पोखरी सिंचाई योजना | ८ | ९०३,८३२।९४ | ८६३,४४१।०० | ८६३,४४१।०० | १,९९,५९५।०० | सम्पन्न | ० | ४२६ |
| **जम्मा :** | | **९०३,८३२।९४** | **८६३,४४१।००** | **८६३,४४१।००** | **१९९,५९५।००** | | ( | **४२६** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| | | | | | | | | |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| सुधारिएको चुल्हो निर्माण | २१०,०००।०० | २१०,०००।०० | २१०,०००।०० | २१,०३४।५० | २९२ सम्पन्न | ० | १६८० | २१०,०००।०० |
| **जम्मा :** | **२१०,०००।००** | **२१०,०००।००** | **२१०,०००।००** | **२१,०३४।५०** | | **०** | **१६८०** | **२१०,०००।००** |

(स्रोतः **scheme card** *डाटावेस, सम्पर्क जिल्लाको* **TSU**)

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समिति अनुशिक्षण | ७ र८ | ३ दिन | ३ पटक | ० | ० | ० | ० | ४२ | ३४ |
| २ | घरबारी व्यवस्थापन अभिमुखिकरण | ७ र८ | ५ दिन | ५ पटक | २६ | २ | ० | ० | ८७ | २५ |
| ३ | GESI/HRBA अभिमुखिकरण | ७ र८ | ५ दिन | | | | | | | |
| ४ | लेखा तथा आर्थिक व्यवस्थापन अभिमुखिकरण | ७ र८ | १० दिन | ५ पटक | ० | १ | ० | ० | २६ | १६ |
| ५ | लेखा तथा आर्थिक व्यवस्थापन पूर्नताजगी | ७ र८ | ४ दिन | ४ पटक | ० | १ | ० | ० | २६ | १६ |
| ६ | सामुदायिक कार्ययोजना निर्माण तालिम | ७ र८ | १ दिन | १ पटक | ० | ० | ० | ० | ५ | ४ |
| ७ | निर्माणपूर्व र निर्माण अवधि गोष्ठी | ७ र८ | ८ दिन | ८ पटक | ० | १ | ० | ० | ४३ | २१ |
| ८ | मर्मतसंभार तथा पानी सुरक्षा योजना तालिम | ७ र८ | ९ दिन | ३ पटक | ० | ० | ० | ० | १९ | १२ |
| ९ | महिलाधारा समुह तालिम | ७ र८ | ३ दिन | २ पटक | ० | ० | ० | ० | ६० | ० |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १. | सार्वजनिक सुनवाई/लेखापरिक्षण/भेला | ७ र८ | १/१ दिन | ३ पटक | ८ | ५ | ० | ० | १०३ | ११७ |
| २. | विभिन्न दिवश आयोजना | ७ र८ | १/१दिन | ११ पटक | १४१ | ७१ | ० | ० | ७७१ | ४६९ |
| ३. | विद्यालयस्तरमा सरसफाइ, पोषण, छावपडी सम्वन्धि प्रज्वलन कक्षा/छलफल | ७ र८ | | १३ वटा विद्यालय | १४१ | १०६ | ० | ० | ८३९ | ५८१ |
| ४. | एचआईभि/एड्स र पोषण सम्वन्धि तालिम | ७ र८ | ४ दिन | ४ पटक | १९ | २ | ० | ० | ८३ | २७ |
| ५ | समुदायस्तरमा सरसफाइ कक्षा संचालन | ७ र८ | १६ दिन | १६ पटक | १७५ | ३६ | ० | ० | ५३१ | २८४ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १. | घरबारी व्यवस्थापन तालिम (१९ समुह) | ७ र८ | ३/३दिन | १९ पटक | ५३ | ७ | ० | ० | ४११ | ३९ |
| २. | जिल्लास्तरीय अगुवा कृषक तालिम | ७ र८ | ५ दिन | १ पटक | ० | ० | ० | ० | १ | ३ |
| ३ | बहुउदेश्यिय नर्सरी नाईके तालिम | ७ र८ | ५ दिन | १ पटक | ० | ० | ० | ० | ० | ४ |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १. | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | ७ र ८ | १४ दिन | १ पटक | ० | ० | ० | ० | ० | ३ |
| २ | विरुवा प्रषारण तालिम | | ७ दिन | १ पटक | ० | ० | ० | ० | ० | २ |
| ३ | स्थानीय श्रोत व्यक्ति विकास तालिम | | | | २ | ० | ० | ० | २ | २ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १. | सुधारिएको चुलो निर्माण सम्वन्धि तालिम | ७ र ८ | ७ दिन | १ पटक | ० | ० | ० | ० | ० | ४ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १. | खुलादिशामुक्त क्षेत्र घोषणा दिवश संचालन | ७ र ८ | २ दिन | २ पटक | १८ | १६ | ० | ० | ३३ | २६ |
| २. | धामीझांक्रिहरुका लागि पूर्णसरसफाइ तालिम | ७ र ८ | ३ दिन | १ पटक | १ | १ | ० | ० | २ | २१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | महिला स्वयंसेविका, शिक्षक र वालक्लवहरुका लागि पूर्ण सरसफाइ तालिम | ७ र ८ | ४ दिन | २ पटक | १० | ३ | ० | ० | २७ | १० |
| ४. | योजना दिगोपना सम्वन्धि गोष्ठी | ७ र ८ | ३ दिन | १ पटक | २ | २ | ० | ० | ११ | १४ |
| ५. | वडास्तरीय पूर्ण सरसफाइ अभिमुखिकरण | ७ र ८ | २/२दिन | ३ पटक | १० | १३ | ० | ० | ५६ | ३७ |

## अनुसूची ३ : सहकारी संस्थाको विवरण

यस नगरपालिका अन्तरगत परियोजनाको सहयोगमा सहकारी संस्थाहरु संचालनमा नरहेको ।

## अनुसूची ४ : नगरपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | २०७४।११।७ | ○ सौगात खवरपत्रिकामा संचालित खानेपानी सम्वन्धि विवरण र खानेपानी सुरक्षा योजना सम्वन्धि सन्देश प्रशारण |
| २ | सामाजिक सञ्जाल | २०७४ साल देखि | ○ RV Field Team Baitadi मार्फत सन्देश प्रशारण |
| ३ | श्रव्य दृष्य सामाग्रीहरु | | ○ छावपडीका वेदना भन्ने सन्देशमुलक देउडा गीत "महिनावारी स्वच्छता दिवश" को अवसरमा प्रसारण गरिएको । |
| ४ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | ○ परियोजना वाट तयार गरिएका विभिन्न सन्देशमुलक सामग्रीहरु न.पा. र वडास्तरमा प्रदर्शन गरि राखिएको । |

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **परियोजनाको तर्फवाट ( अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि** | | | | |
| १. | चन्द्र सिंह ठगुन्ना | RVWRMP/TSU बैतडी | जलश्रोत सल्लाहकार | ६ महिना -माघ २०७४ देखि |
| २. | हरि प्रसाद सापकोटा | RVWRMP/TSU बैतडी | जलश्रोत ईन्जिनियर | १२ महिना |
| ३. | दिर्घ नारायण पाण्डे | RVWRMP/TSU बैतडी | सि. जलश्रोत प्राविधिक | १२ महिना |
| **सहयागी संस्थावाट परिचालित कर्मचारीहरुको विवरण** | | | | |
| १. | हरि जोशी | ARRC, बैतडी | फिल्ड संयोजक | १२ महिना |
| २. | धर्मानन्द भट्ट | ARRC, बैतडी | फिल्ड संयोजक | १२ महिना |
| ३. | कलक बहादुर साउद | ARRC, बैतडी | सव-ईन्जिनियर | ६ महिना |
| ४. | शिवराज भट्ट | ARRC, बैतडी | जीविकोपार्जन प्रवर्धक | ६ महिना |
| ५. | कृष्ण कुमार अवस्थी | ARRC, बैतडी | सरसफाइ र स्वच्छता प्रवर्धक | १२ महिना |
| ६. | कल्पना भट्ट | ARRC, बैतडी | सरसफाइ र स्वच्छता प्रवर्धक | १२ महिना |
| ७. | ज्ञानेन्द्र बहादुर चंद | ARRC, बैतडी | जलश्रोत प्राविधिक | १२ महिना |
| ८. | माधव लेखक | ARRC, बैतडी | जलश्रोत प्राविधिक | ११ महिना |